प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २१४ ॥ २०८२ असोज ०१ गते बुधबार (17th Sep 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

यसकारण हल्दिवारी गाउँपालिका आन्दोलनकारीबाट जोगियो

झापा(प्रस) ।जेनजीको आन्दोलनको नाममा भदौ २४ गते झापाका अन्य सबै पालिकाहरुमा तोडफोड र आगजनी भइरहँदा हल्दिवारी गाउँपालिकामा भने त्यस्तो अप्रिय घटना हुन पाएन ।

देशव्यापी आन्दोलनका क्रममा हल्दिवारी जनप्रतिनिधिहरुले संझाई बुझाई तोडफोड र आगजनीमा उत्रिन दिएनन् । स्थानीय जेनजी आन्दोलनकारीहरुले गाउँपालिका कार्यालयमा आएर आन्दोलन गरिरहँदा उनीहरुलाई संझाएर अप्रिय घटना हुन नदिएको गाउँपालिका अध्यक्ष रविन्द्र समयमा बिर्तामोडमा बसेर वैदेशिक रोजगारीको तयारी गरिरहेका हल्दिबारी-२ का अनिश श्रेष्ठ छातीमा गोली लागेर घाइते भए। त्यस्तै, गाउँपालिकाका प्राविधिक कर्मचारीले प्रयोग गर्ने मोटरसाइकल आन्दोलनकारीले बिर्तामोडमा जलाए। तर, युवाहरूले आगजनी-तोडफोडमा भाग नलिने निर्णय लिएपछि हल्दीवारीलाई जोगाउन सफल भएको विमलीले सुनाए ।

गाउँपालिकामा जेनजी आन्दोलनकारीले आन्दोलन नगरेका होइनन् । तर, त्यहाँको गाउँपालिका कार्यालय र पाँचैवटा वडा कार्यालयसहित कुनै पनि सार्वजनिक र व्यक्तिगत सम्पत्तिमा आगजनी तथा तोडफोड भएन । आखिर हल्दिवारीमा किन विध्वंस भएन त ? भ्रष्टाचारविरुद्धको देशव्यापी आन्दोलनले हिंसात्मक रुप लिइरहँदा हल्दिवारीमा विरोध प्रदर्शनमै सीमित रह्यो । किनकि हल्दिवारीमा जेनजीको आन्दोलनमा घुसपैठ हुन पाएन । स्थानीय जेनजी आन्दोलनकारीहरुलाई लिङ्देनले बताए । 'हामी गाउँपालिकामै थियौं ,आफ्नै सम्पत्ति किन डढाएर नष्ट गर्नु हुन्छ भनेर संझायौं ' लिङ्देनले भने,' उहाँहरु पनि संयमित देखिनु भएकाले त्यस्तो अप्रिय केही पनि हुन पाएन ।'

जिल्लाका १५ पालिकामध्ये हल्दिबारीबाहेक १४ वटै स्थानीय पालिका कार्यालय, जिल्लाका दर्जनौ वडा कार्यालयहमा आगजनी र तोडफोड भएको छ । तर,सार्वजनिक सम्पत्ति संरक्षणमा हल्दिबारीमा एकता देखियो। आन्दोलनकै हल्दिबारी गाउँपालिकाभित्र भने कुनै पनि सरकारी वा निजी संरचना जलाइएन, न त लुटपाट भयो।

जिल्लाका नगरपालिका, गाउँपालिका, सरकारी कार्यालयदेखि निजी सम्पत्तिमाथि आन्दोलनको नाममा आगजनी, लुटपाट र तोडफोड भइरहँदा हल्दिबारी गाउँपालिका अपवाद बनेर उभिएको स्थानीय संचारकर्मी नेत्रविक्रम विमली बताउँछन् ।

घुसपैठकारी समूहले हल्दिवारीलाई पनि विध्वंशतर्फ धकेल्न खोज्दा यहाँका युवाहरूले आगजनी-तोडफोडमा भाग नलिने निर्णय लिएपछि हल्दीवारीलाई जोगाउन सफल भएको विमलीले सुनाए ।

स्थानीय सरकारलाई स्थानीयले आफ्नो ठानेनन्

जेनजी आन्दोलनकारीहरुले सम्झी सम्झी पालिका र वडा कार्यालयहरुमा तोडफोड र आगजनी गरिरहँदा जोगाउन कोही पनि स्थानीय अगाडि सरेनन् । यसबाट स्थानीय सरकारप्रति स्थानीय जनताको अपनत्वमा कमी देखिन्छ । हरेक नागरिकलाई सेवा प्रवाह गर्ने उद्देश्यले स्थानीय तहलाई घरआँगनकै सिंहदरबार भनिन्छ । आपत विपत्, कोही सहारा नहुँदा, पीरमर्कामा पर्दा, दुःखदर्दमा साथ दिने स्थानीय सरकार हो भन्ने बुझाई नहुँदा स्थानीय सरकारलाई परेको बेलामा उनीहरुले पनि साथ दिएनन् । स्थानीय सरकारप्रति जनताको अपनत्व हुनुपर्छ । स्थानीय सरकारको मूल कार्य जनताको आवश्यकता, माग वा चाहना अनुरूप सेवा प्रदान गर्नु हो ।

संविधानले स्थानीय तहको परिकल्पनाअनुरुप 'गाउँगाउँमा सिंहदरबार' पुऱ्याउने भनिएको छ । सिंहदरबार एउटा सांकेतिक बिम्ब हो । 'गाउँगाउँमा सिंहदरबार' को ठाउँमा 'गाउँगाउँमा भ्रष्टाचार' पुगेको आलोचना पनि यसबीचमा हुने गरेको छ । यो चिन्ताको विषय हो ।

'म कसरी चित्त बुझाउँ '

• लक्ष्मी उप्रेती

मेचीनगर । झापा अर्जुनधारा नगरपालिका –८ हात्तीकिल्लाका ३२ वर्षीय दिनेश राजवंशी बैदेशिक रोजगारीका लागि रोमानिया जाने तयारीमा थिए ।

उनी दुई वर्षजति खाडीमुलुक बसेर स्वदेशमै केही गरौ भनेर फर्किएका थिए । स्वदेशमा कतै जागिर नपाएपछि उनले रोमानिया जाने योजना बनाए । आवश्यक प्रक्रियामा लागेका उनलाई केही दिनपछि सम्पर्कका लागि आउन भ्यानपावरहरुले भनेका थिए ।

तर, प्रहरीसंगको झडपले उडायो दिनेशको रोमानिया जाने सपना ।जेनजीका नवपुस्ताले भदौ २४ गते बिर्तामोडमा गरेको प्रदर्शनका क्रममा प्रहरीसंगको झडपमा उनी घाइते भएका थिए । बीएण्डसी अस्पतालमा उपचारका क्रममा तीन दिनपछि भदौ २७ गते बिहान ११:३५ बजे उनको मृत्यु भयो । दिनेशको निधनसँगै जान्तीको सिउँदो पुछिएको छ, आमालगायत दिनेशको सिङ्गो परिवार भावविह्वल भएका छन् । अहिले उनको निधनले सिङ्गो गाउँ शोकमा छ ।

एसएलसीसम्म अध्ययन गरेका दिनेशले घरको आर्थिक अवस्थाकै कारण उच्च शिक्षा हासिल गर्न सकेनन् । तर, उनी छोराछोरीलाई खाई नखाई राम्रै शैक्षिक संस्थामा पढाउन चाहन्थे । यो घटनाले आफ्ना सन्तानलाई राम्रो स्कुल पढाउने दिनेशको सपना अब सपनामा मात्रै सीमित भएको छ । बृद्धा आमा, श्रीमती, दाजु भाउजुसहित परिवार नै शोकमा रुँदारुँदै बेला बेलामा बेहोस हुँदै जाग्दै गरेको स्थानीयले बताए ।

२०५० सालमा बाबु स्वर्गीय मंग्लु र आमा सपना राजवंशीका दुई छोरामध्ये दिनेश कान्छा थिए । सामान्य परिवारमा जन्मेका दिनेशले बाँचुञ्जेल सुखको अनुभव गर्न पाएनन् । तीन वर्षअघि बाबु मंग्लुको निधन र जेठा दाजु गोवर्द्धन पनि वैदेशिक राजगारीका लागि दुवई गएपछि ५५ वर्षीया आमा, श्रीमती र दुई नानीहरुसहित सिङ्गो परिवारको पालनपोषण उनकै काँधमा थियो । दाजु गोवर्द्धन, भाउजु नुपुरसहितको संयुक्त परिवार छ दिनेशको । कतारमा बसेर फर्किएका दिनेशको अर्जुनधाराको हात्तीकिल्ला–८ मा एउटा सानो कच्ची घर छ । आर्थिक अवस्था ज्यादै कमजोर र दयनीय रहेको राजवंशी समाज विकास समिति केन्द्रीय अध्यक्ष अभय राजवंशीले बताए ।

त्यही सानो र कच्ची घर, ५५ वर्षीया आमा सपना, ३० वर्षीया श्रीमती जान्ती, ५ वर्षका छोरा रिदम, १ वर्षीया छोरी दिपीकासहित परिवारको अधुरो सपनालाई असरल्लै छाडेर दिनेश सधैंका लागि विदा भएका छन् । र, उनको परिवारमा चाहिँ कहिल्यै नजाने गरी विपतका दिनहरु आएका छन् । 'म कसरी चित्त बुझाउँ, यो उमेरमा कस्तो बज्रपात आइलाग्यो म कल्पना पनि गर्न सक्दिनँ,' श्रीमती जान्तीले रुदैं रुदैं भनिन् यी साना लालाबालाको हुर्काउने बढाउने, पढाउने, बृद्धा सासुआमाको रेखदेखदेखि सबै जिम्मेवारी अब मसँग छ । घरको मुख्य मान्छे नै ढलेपछि हामी कसरी बाँच्नु ।' प्रदर्शनका क्रममा श्रीमान घाइते भएको सुन्नसाथ उनी मध्यान्ह १२ बजे अस्पताल पुगिन् । आफू रुदैं कराउँदैं अस्पताल पुग्दा श्रीमान दिनेश मृत्युसँग लडिरहेको दृश्यले उनले मन नै थाम्न नसकेको बताइन् ।

श्रीमान दिनेश सामान्य मासुको पसल चलाउने आफू दैनिक ज्यालादारीमा कृषि मजदुरका रुपमा काम गर्न जाने

❖ बाँकी पृष्ठ ४ मा

घाइते श्रेष्ठका परिवारद्वारा न्यायका लागि अपिल

हल्दिबारी (प्रस) । जेन्जी आन्दोलनको क्रममा गोली लागेर घाइते भएका हल्दिबारी-२ निवासी २२ वर्षीय अनिश श्रेष्ठका परिवारले राज्यसँग उचित क्षतिपूर्ति र न्यायको माग गरेका छन्। अनिशका बुबा मोहन श्रेष्ठले आन्दोलनका क्रममा छातीमा गोली लागेका छोराको अवस्था गम्भीर रहेको बताउँदै मृतक र घाइते परिवारको पीडाप्रति राज्यले

संवेदनशील बन्नुपर्ने माग गरेका छन्। अनिशलाई बिर्तामोडस्थित इलाका प्रहरी कार्यालय नजिकैको झडपमा गोली लागेको थियो। हाल उनको उपचार बिर्ता सिटी अस्पतालमा भइरहेको छ।

मोहन श्रेष्ठले आन्दोलनको नेतृत्व गर्ने व्यक्तिहरूले हालसम्म पीडित परिवारलाई भेट्न समेत नआएको भन्दै गुनासो गरेका छन्। उनले भने, "फोनमा आउँछौं भन्छन् तर आउँदैनन्। हाम्रा छोराहरूलाई बलि बनाएर उनीहरू राज्य सत्ता साटिरहेका छन्, यसमा हाम्रो घोर आपत्ति छ।"

परिवारले आन्दोलनका क्रममा मृत्यु हुने र घाइते हुनेहरूलाई सरकार र आन्दोलनरत दुवै पक्षले बेवास्ता गरेको आरोप लगाएका छन्।

कारागारबाट भागेका कैदी धमाधम पक्राउ पर्दै

झापा(प्रस)। देशका विभिन्न कारागारबाट भागेका कैदीहरु झापामा धमाधम पक्राउ पर्न थालेका छन् ।

दिनहुँ पक्राउ पर्ने क्रममा सोमवार तीनजना पक्राउ परेका

त्यस्तै भदौ २४ गते कास्की कारागारवाट जेन-जी आन्दोलनको क्रममा फरार रहेका कर्तव्य ज्यान मुद्दाका कन्काई वडानं.६बस्ने ३३ वर्षीय दिनेश सोरेनलाई सोमवार घरवाटै पक्राउ गरिएको छ । पाँच पुरुष र दुई महिला गरी सातजना फरार कैदीलाई पक्राउ गरी राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

छन् । भदौ २४ गते सुनधारा कारागारबाट भागेका दुईजना महिला कैदी पक्राउ परेका छन् । कर्तव्य ज्यान मुद्दामा फरार रहेका गौरादह वडा नं.५बस्ने बर्ष २८की रुकसार खातुन र सोही ठाउँकी

कर्तव्य ज्यान मुद्दाकी कैदी बर्ष २८ की एक्सरा खातुन पक्राउ परेका हुन् । उनीहरु जिल्ला प्रहरी कार्यालय झापामा आफै सम्पर्कमा आएकाले पक्राउ गरी हिरासतमा राखिएको प्रहरीले जनाएको छ ।

बढ्दै जापानिज इन्सेफ्लाइटिसको संक्रमण
एकको मृत्यु, ७ संक्रमित

झापा(प्रस)। एकजनाको मृत्यु भएको झापा जिल्लामा जापानिज इन्सेफ्लाइटिस (जेई) बाट संक्रमित हुनेहरुको संख्या ७ पुगेको छ ।

पछिल्लो पटक बिर्तामोड ५ कृषिथोक बस्ने २९ वर्षीय पुरुषमा जेईको संक्रमण देखिएको छ । उनलाई हिजो भदौ ३० गते विरामी देखिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

यस वर्षको शुरुवातमा मेचीनगरका दुई महिलालाई संक्रमण पुष्टि भएको थियो । मेचीनगर वडा नं ३ दोकानडाँडाकी ३६ वर्षीया महिलालाई गत असार १८ गते र मेचीनगर वडा नं ५ हात्तीमुढेकी ५५ वर्षीया अर्की महिलालाई असार ३० गते संक्रमण देखिएको हो । त्यसपछि साउन ६ गते भद्रपुर वडा नं ९ पुहाँतुवारीका ७७ वर्षीय वृद्ध संक्रमित भएका थिए । त्यसपछि साउन २९ गते गौरीगञ्ज १ देवीगडाकी ७ वर्षीया बालिका विरामी परेकी थिइन् । गत भदौ १ गते विराट मेडिकल कलेज विराटनगरमा भर्ना गरिएकी ती बालिकाको भदौ ४ गते मृत्यु भएको थियो ।

गत भदौ २ गते बिर्तामोड वडा नं २ चारपानेकी १३ वर्षीया बालिका संक्रमित भएकी थिइन् । उनको उपचार भइरहेको छ । त्यस्तै भदौ ५ गते बुद्धशान्ति गाउँपालिका वडा नं २ इन्द्रेणी चोकका ८६ वर्षीय बृद्ध र भदौ ८ गते अर्जुनधारा नगरपालिका वडा नं १ खुदुनावारीका ६६ वर्षीय अर्का वृद्धमा संक्रमण देखिएको छ । दुवैको अबस्था सामान्य रहेको जनाइएको छ ।

अहिलेसम्म चार महिला र चार पुरुषमा संक्रमण देखिएको हो । मेचीनगर र बिर्तामोडमा दुई-दुईजना तथा गौरीगञ्ज , भद्रपुर , बुद्धशान्ति र अर्जुनधाराका एक-एकजना संक्रमित भएका हुन् । गत वर्ष झापामा जापानिज इन्सेफ्लाइटिसबाट मेचीनगर र दमकमा एक-एक जना गरी दुईजनाको मृत्यु भएको थियो ।

कर्मचारीको बैठक भत्ता कटौती

भ्रापा(प्रस) । मुख्यसचिवको अध्यक्षतामा बसेको नेपाल सरकारका सचिवहरूको बैठकले कर्मचारीले पाउँदै आएको बैठक भत्ता कटौती गरेको छ ।

मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतामा मंगलबार बसको सचिवहरूको बैठकले मुलुकको विषम परिस्थितिलाई मध्यनजर गर्दै खर्च कटौतीको निर्णय गरेको हो ।

बैठक भत्ता कटौतीसहित कर्मचारीको संख्यासमेत २० प्रतिशत घटाउने निर्णय भएको छ । सरकारी बैठक तथा सेमिनारहरु सरकारी हलमै गर्ने अनावश्यक देखिएका सरकारी संरचना र निकायहरू खारेज गर्ने र त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय क्षेत्र हेर्ने सचिवले समन्वय गरी तत्काल अघि बढाउने विभिन्न मन्त्रालय र सुरक्षा कार्यालयहरूको नियमित कार्य सुचारु गरी सेवा प्रवाहमा सहजता ल्याउन प्रधानमन्त्री कार्यालयका सचिवको संयोजकत्वमा कार्यदल गठन र सोही कार्यदलले आवश्यक पर्ने सवारी साधन व्यवस्थापन गर्ने निर्णय गरेको छ ।

सिंहदरबारमा मन्त्रालय र निकायहरूले जारी गरेका पासहरू खारेज गरी आवश्यकता अनुसार नयाँ जारी गर्ने लगायतका निर्णय भएका छन् ।

जेन-जीको अगुवाईमा भएको आन्दोलन र त्यसपछिको प्रदर्शनका क्रममा आगजनी र तोडफोड हुँदा भएको क्षतिको विवरण संकलन गरी सम्बन्धित मन्त्रालयमा पेस गर्न समेत सम्बद्ध निकायहरूलाई निर्देशन दिइएको छ ।

सचिवहरूको बैठकमा के के निर्णय भयो ?

१. मिति २०८२ भाद्र २३ र २४ गते काठमाडौं लगायत मुलुकका विभिन्न स्थानमा युवापुस्ताको अगुवाइमा भएको विरोध प्रदर्शन र आन्दोलनका क्रममा अकल्पनीय तथा अपूरणीय जनधनको क्षति हुन गएको छा यस घटनामा ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दछौं। साथै, उक्त घटनामा घाइते व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

२. उक्त आन्दोलनको जगमा २०८२ भाद्र २७ गते गठन भएको वर्तमान अन्तरिम सरकारले आगामी फाल्गुन २१ गते प्रतिनिधिसभाको चुनाव सम्पन्न गर्ने जिम्मेवारी पाएको सन्दर्भमा तोकिएको समयमै स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा आम निर्वाचन गराउने कार्यमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू सक्रिय रूपमा सहभागी हुने प्रतिबद्धता व्यक्त गर्दछौं।

३. यस विषम परिस्थितिमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, खानेपानी, स्वास्थ्य उपचार, सार्वजनिक यातायात, खाद्यान्न तथा औषधी आपूर्ति, टेलिफोन, विद्युत्, न्याय सम्पादन लगायतका अत्यावश्यक सेवाहरू अवरुद्ध हुन नदिन सम्बद्ध निकायहरूले तत्काल आवश्यक प्रबन्ध मिलाउने।

४. विरोध प्रदर्शनका क्रममा धेरै कार्यालय भवनहरूमा ठूलो क्षति भई नियमित कार्य गर्न नसक्ने अवस्थामा पुगेकाले त्यस्ता सरकारी कार्यालयहरूले परिस्थिति अनुसार अस्थायी कार्यालय स्थापना गर्ने, अन्य सरकारी कार्यालयमा स्थानान्तरण गर्ने वा भाडामा घर लिई आफ्ना नियमित कार्य प्रारम्भ गर्ने।

५. २०८२ साल भाद्र २३ र २४ गतेको विरोध प्रदर्शनका क्रममा आगजनी र तोडफोडबाट क्षति हुन पुगेका भौतिक संरचना, यन्त्र उपकरण, सवारी साधन, फर्निचर, सूचना प्रणाली लगायतको वास्तविक क्षति तथा नोक्सानीको यथार्थ विवरण सम्बन्धित मन्त्रालय/निकायले तयार गर्ने। साथै क्षतिलाई सम्बोधन गर्नका लागि गर्नुपर्ने कार्यहरूको विस्तृत कार्ययोजना तयार गरी सम्बन्धित मन्त्रालय/निकायले तत्काल कार्य प्रारम्भ गर्ने।

६. क्षतिग्रस्त संरचनाको एयकत म्ष्कबकतभच ल्भभम ब्ककभकक्कभलत (एम्ल्ब) को कार्य राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा अघि बढाउने।

७. विषम परिस्थितिमा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, मर्मत सम्भार तथा मालसामान खरिद कार्यलाई विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम तत्काल अगाडि बढाउने।विद्यमान खरिद ऐन तथा नियमावलीले छिटो र

सरल विधिबाट खरिद गर्न अप्ठ्यारो पर्ने देखिएमा ऐन नियमावलीको संशोधनको प्रक्रिया प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/सार्वजनिक खरिद अनुगमन कार्यालयले तत्काल अगाडि बढाउने।

८. २०८२ भाद्र २४ गते सिंहदरबार परिसरमा भएको आगजनी र तोडफोडको क्रममा आगोले जलेर पूर्ण रूपमा क्षति भई प्रयोगमा आउन नसक्ने प्रकृतिका सवारी साधन र जलेर वा तोडफोडबाट ध्वस्त हुन पुगेका विभिन्न यन्त्र, उपकरण तथा फर्निचरलाई तत्कालका लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरको पछाडिको भागमा थुपार्ने र त्यहाँबाटै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीले तोकेको प्रक्रियाबमोजिम तत्काल लिलामी/नष्ट गर्ने प्रक्रिया अघि बढाउने।यसरी ध्वस्त भएका सवारी साधन, उपकरण र फर्निचरलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सहरी विकास मन्त्रालयले सिंहदरबार परिसरबाट अन्तर र्ष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर लैजाने व्यवस्था मिलाउने।

९. हालको विषम परिस्थितिमा सार्वजनिक खर्चमा मितव्ययिता ल्याउने। नेपाल सरकारका कुनै पनि कर्मचारीले बैठक भत्ता नलिने।कार्यालयले गर्ने राष्ट्रिय स्तरका सबै गोष्ठी, सेमिनार, कार्यशाला, अन्तरक्रिया जस्ता कार्यक्रमहरू सरकारी भवन तथा हलमा आयोजना गर्ने गराउने।प्रदेश तथा स्थानीय तहको हकमा समेत सोही अनुसार गर्न गराउन अनुरोध गर्ने।

१०. चालु आर्थिक वर्षमा ससाना रकम विनियोजन भएका आयोजनाहरू (टुक्रे आयोजनाहरू) को हकमा दायित्व सिर्जना भइनसकेका त्यस्ता आयोजनाहरू सबै मन्त्रालय तथा निकायहरूले कार्यान्वयन नगर्ने।त्यस्ता आयोजनाहरूमा विनियोजित रकम क्षतिग्रस्त संरचनाको पुनर्निर्माण/मर्मत सम्भार तथा यन्त्र उपकरण खरिदका लागि रकमान्तर/स्रोतान्तर गर्ने।

११. आन्दोलनका क्रममा ध्वस्त भई नयाँ खरिद गर्नुपर्ने फर्निचर लगायतका सामानहरूको खरिदमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिई खरिद गर्ने।

१२. जेनजी युवा पुस्ताको चाहना बमोजिम सार्वजनिक सेवा प्रवाह एवं निर्णय प्रक्रिया चुस्त, मितव्ययी र प्रभावकारी बनाउन बाधक देखिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरू तत्काल खारेजी वा संशोधनको प्रक्रिया अगाडि बढाउने।

१३. नागरिकहरूलाई प्रत्यक्ष सेवा प्रवाह गर्नुपर्ने कार्यालयमा कर्मचारी दरबन्दी रिक्त रहेको भए सम्बन्धित कार्यालयको अनुरोधमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तत्काल पदपूर्ति गर्ने।

१४. चाडपर्वहरू नजिकिँदै गएको सन्दर्भमा जनतालाई आवश्यक पर्ने खाद्यान्न लगायतका सामग्रीको सहज आपूर्ति, कालोवजारी नियन्त्रण, बजार अनुगमन जस्ता कार्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्ने गराउने।साथै चाडपर्व लक्षित आवागमन सहज बनाउन सार्वजनिक यातायात व्यवस्थापनको कार्य भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने।

१५. नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालय, कार्यालयमा रहेका दरबन्दी औसतमा २० प्रतिशत कटौती गरी संशोधित दरबन्दी संरचना स्वीकृतिका लागि २०८२ आश्विन २० गतेभित्र नेपाल सरकार मन्त्रिपरिषद्मा पेस गर्ने।

१६. अनावश्यक देखिएका सरकारी संरचना/निकाय खारेज गर्ने, गाभ्ने तथा हस्तान्तरण गर्ने प्रक्रिया प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिवले सम्बन्धित मन्त्रालयसँग समन्वय गरी तत्काल अगाडि बढाउने।

१७. विभिन्न मन्त्रालय निकाय तथा सुरक्षा निकायको नियमित कार्यलाई सुचारु गरी सेवा प्रवाहमा सहजता ल्याउनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा सहरी विकास सचिव, भौतिक पूर्वाधार तथा यातायात सचिव र राजस्व सचिव रहेको कार्यदल गठन गर्ने। उक्त कार्यदलले सवारी साधनहरूको व्यवस्थापन गर्ने गराउने।

१८. सिंहदरबारमा रहेका मन्त्रालय तथा निकायहरूले अनावश्यक रूपमा यसअघि जारी गरेका प्रवेश पासहरू खारेज गर्ने। साथै अत्यावश्यक अवस्थामा नयाँ प्रवेश पास जारी गर्न सकिने।

१९. कार्यालयमा आगजनी भई कतिपय कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन फाराम नष्ट भएको पाइएकोले निजामती सेवा ऐन र नियमावलीमा भएको प्रावधान बमोजिम पुनः कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने र मूल्याङ्कन गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने।सङ्कलित सम्पत्ति विवरण समेत जलेको अवस्थामा त्यस्तो विवरण सङ्कलन गर्ने निकायले पुनः सम्पत्ति विवरण भरी पेस गर्न सम्बन्धित व्यक्ति/पदाधिकारीहरूलाई जानकारी गराउने।

२०. असहज परिस्थितिमा पनि विचलित नभै सेवा प्रवाहमा अहोरात्र खट्ने राष्ट्रसेवकहरूलाई हार्दिक धन्यवाद दिँदै आगामी दिनमा अझ प्रभावकारी रूपले छिटो छरितो सेवा प्रवाह गरी सरकारप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न उच्च मनोबलका साथ कार्य गर्ने।

२०. प्रदर्शनका क्रममा विभिन्न सरकारी निकाय, संस्थान र निजी घर तथा व्यावसायिक प्रतिष्ठानबाट चोरिएका/लुटिएका सामानहरू सम्बन्धित निकाय वा नजिकको प्रहरी चौकीमा फिर्ता बुझाउन सार्वजनिक आह्वान गर्ने।

आज नेपालभर सार्वजनिक बिदा

भ्रापा(प्रस) । गृह मन्त्रालयले 'जेनजी' आन्दोलनका क्रममा ज्यान गुमाउनेहरूको सम्मानस्वरूप राष्ट्रिय शोक मनाउन आज सार्वजनिक बिदा दिएको छ । मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले मंगलबार विज्ञप्ति जारी गरी मन्त्रिपरिषद्को यही भदौ ३० गतेको निर्णयअनुसार आजलाई सार्वजनिक बिदा घोषणा गरिएको जानकारी दिए ।

जारी विज्ञप्तिमा भनिएको छ,

'भदौ २३ र २४ गते जेनजी पुस्ताद्वारा भएको प्रदर्शनका क्रममा ज्यान गुमाउने मृतकहरूको सम्मानस्वरूप राष्ट्रिय शोक मनाउन असोज १ गते बुधबार नेपालभरका सरकारी कार्यालय, विदेशस्थित नेपाली दूतावास र नियोगहरूमा सार्वजनिक बिदा दिने र राष्ट्रिय झण्डा आधा झुकाउने नेपाल सरकार (मन्त्रिपरिषद्)बाट निर्णय भएको बेहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।'

घटस्थापनादेखि असोज २२ सम्म रुट परमिट खुला

भ्रापा(प्रस) । घटस्थापनादेखि असोज २२ गतेसम्म सार्वजनिक सवारीसाधनलाई नेपालभर लागू हुने गरी रुट परमिट खुला गरिने भएको छ।

यातायात व्यवस्था विभागमा मंगलवार बसेको सरोकार भएका निकायको बैठकले रुट परमिट खुला गर्ने निर्णय गरेको हो। बैठकले चाडपर्वलाई लक्षित गरी यातायात मध्यम तथा लामो दूरीका सार्वजनिक यातायातमा अग्रिम टिकट बुकिङ खुलाउने निर्णय गरेको छ।

यसैगरी यातायात व्यवसायीले टिकट बिक्रीमा यथाशक्य अनलाइन बुकिङ गर्ने व्यवस्था मिलाउने, उपत्यकाबाट बाहिरिने र भित्रिने यात्रुवाहक सवारीसाधनको सरोकार भएका निकायसँग सहकार्य गरी प्रभावकारी अनुगमन गर्ने निर्णय गरिएको छ।

टिकट लिएर मात्र यात्रा गर्ने र टिकट

काउन्टरबाट यात्रुको परिचय खुल्ने विवरणसहितको चलानी लिएर मात्र सवारी चलाउन पनि बैठकको निर्णय छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले अनधिकृत काउन्टर, परिचयपत्र, पोसाक नभएका व्यक्तिबाट टिकट बेच्न नदिने निर्णय भएको जानकारी दिए। खाद्यान्नलगायतका अत्यावश्यक वस्तुको ढुवानी गर्नेबाहेकका ट्रेलरलगायत ठूला सवारीसाधन घटस्थापनादेखिपूर्णिमासम्म काठमाडौंसम्म सञ्चालन गर्न रोक लगाउने निर्णय पनि भएको उनले बताए।

देशभर सवारी चालकको स्वास्थ्य अवस्थाबारे जाँच गर्ने, लामो दूरीका यात्रुवाहक सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गर्नुअघि अनिवार्य रूपमा यान्त्रिक अवस्थालगायतको परीक्षण गर्ने निर्णय भएको छ। चाडपर्वको समय नजिकिँदै गरेको अवस्थामा यात्रुवाहक सवारी यातायातको चाप अत्यधिक बढ्न गई सडक दुर्घटनासमेत बढ्नसक्ने जोखिमलाई मध्येनजर गरी प्रभावकारी अनुगमन एवं निगरानीको व्यवस्था मिलाइने पनि जनाइएको छ।

चाडपर्वमा काठमाडौं उपत्यकाबाट बाहिर जाने र भित्रिने यात्रुलाई सहजीकरण गर्न उपत्यकाका १५ ठाउँमा नागरिक सहायता कक्ष स्थापना गरिनेछ। चाडपर्व अवधिभर अनुगमनका लागि यातायात व्यवस्था विभागले सरोकार भएका निकाय सम्मिलित अनुगमन टोली गठन गर्ने निर्णय भएको छ।

दशैंको टीका लगाउने साइत ११ बजेर ५३ मिनेटमा

भ्रापा(प्रस) । यस वर्षको दशैंको टीका साइत बिहान ११ बजेर ५३ मिनेटमा उत्तम मानिएको छ।

नेपाल पञ्चाङ्ग निर्णायक समितिले मंगलबार सार्वजनिक गरेको साइतअनुसार विजया दशमीको टीका ग्रहणका लागि असोज १६ गते बिहीबार बिहान ११ बजेर ५३ मिनेटमा उत्तम मानिएको छ। उक्त दिन बिहान ९ बजेर २३ मिनेटमा देवी विसर्जनको साइत रहेको छ। समितिका अनुसार घटस्थापनाका लागि ६ गते सोमबार बिहान ९ बजेर १३ मिनेटको समय उत्तम रहेको छ।

त्यसैगरी ७ गते झण्डा फेर्ने साइत बिहान ९ बजेर ५३ मिनेटमा, १३ गते फूलपाती तुलजाभवानी यात्रा बिहान ७ बजेर १७ मिनेटमा उत्तम मानिएको छ।

समितिका अनुसार देवीको टीका र प्रसाद ग्रहणका निम्ति साइतकै समय भने आवश्यक नपर्ने उल्लेख छ।

'म कसरी ...

श्रीमती ३० वर्षीया जान्ती राजवंशी बताउँछिन् । उनीहरुको आम्दानीको मुख्य स्रोत भनेकै जान्तीको दैनिक ज्यालादारी र दिनेशको मासु पसलबाट आउने रकम नै थियो । दुईजनाको कमाइले जसोतसो परिवारको गर्जो टार्दै आएका थिए। 'त्यो परिवारमा आशा भरोसाका केन्द्र भनेकै उनै दिनेश थिए । उनी असाध्यै अनुशासित, स्वभाव पनि राम्रो भएको युवा थिए । 'उनी त्यस्तो घटनामा परेको खबरले अर्जुनधारावासी मात्र नभएर राजवंशी समाज शोकाकुल भएका छन् ।' राजवंशी समाज विकास समिति केन्द्रीय अध्यक्ष अभय राजवंशीले बताए । अत्यन्तै मिजासिला र भद्र स्वभावका दिनेशको मृत्युको खबरले अहिले हात्तीकिल्ला टोल मात्रै होइन, पुरै अर्जुनधारा स्तब्ध भएको छिमेकी राजु शेर्माले बताए । उनलाई राम्रोसँग चिनेका स्थानीय शेर्मा दिनेश हक्की र निडर स्वभावका भएको बताउँछन् ।

अब श्रीमानको मृत्युपछि आफूलाई घर चलाउन समस्या हुने जान्ती बताउँछिन् । घटनापछि अस्पतालबाट घरमा शव ल्याउन र पोस्टमार्टममा पनि समस्या भएको, त्यसले आफ्नो परिवार थप पीडामा रुनु परेको दाजु गोवर्द्धनले बताए । जसोतसो ऋण खोजेरै अहिलेसम्मको काम गरिएको उनले सुनाए । झण्डै ६–७ वर्षदेखि बैदेशिक राजगारीका लागि दुबई जादैं आउँदै गरेका दाजु गोवर्द्धन भाइको यो घटना सुन्नेवित्तिकै नेपाल आएका छन् । 'घटना २४ गतेको रहेछ,' अवरुद्ध गलामा उनले भने –'त्यसपछि म परिवारजनको सम्पर्कमा रहिरहे, तत्कालै नेपाल आउने तयारी गर्दै थिए, स्वास्थ्य सुधारोन्मुख रहेको खवर पाएपछि २५ गते म हिडिनँ । जब अस्पतालमा मृत्यु भएको खवर पाएँ, लगत्तै म नेपाल हिडे ।' भाइको काजक्रियाका लागि दाजु गोवर्द्धन नै सेता लुगा लगाएर बसेका छन् । 'छोरा सानो छ उसले सबै कर्म गर्न सक्दैन त्यसकारण म आफै काजक्रियामा बसेको छु । हाम्रो पनि १२ दिनसम्म काममा बस्नुपर्छ ।' उनले थपे ।

भाइ यस्तो घटनामा परेर गएपनि उसका परिवारलाई रेखदेखको जिम्मा सरकारले लिनुपर्ने, उचित क्षतिपूर्ति दिनुपर्ने, उनका सन्तानलाई निःशुल्क उच्च शिक्षाका लागि उनले आग्रह गरेका छन् । वर्तमान सुशीला कार्कीको नेतृत्वमा रहेको अन्तरिम सरकारका गृह तथा कानून मन्त्री ओमप्रकाश अर्यालले मृतकका परिवारलाई १५ लाख रुपैयाँ राहत उपलब्ध गराउने सुनेको उनले बताए ।

दिनेशसँगै बिर्तामोडमा भएको झडपमा हिलिहाङ-२ पाँचथर घर भई बिर्तामोड-१० मा बस्दै आएका अन्दाजी ३५ वर्षका कमल भण्डारी र अर्जुनधारा नगरपालिका-८ निवासी २८ वर्षका गोपाल सेढाईको मृत्यु भएको थियो ।

नेपाल विद्युत प्राधिकरण
कोशी प्रादेशिक कार्यालय, विराटनगर

ईन्टरनेट तथा केवल टि.भि. सेवा प्रदायकहरुलाई अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०६/०१

नेपाल विद्युत प्राधिकरण, कोशी प्रादेशिक कार्यालय अन्र्तगतका विभिन्न जिल्ला (वितरण केन्द्रका कार्यक्षेत्र) मा संचालनमा रहेका ईन्टरनेट तथा केवल टि.भि. सेवा प्रदायकहरुले ने.वि.प्रा.को संरचना प्रयोग गरे वापतको बुझाउनु पर्ने भाडा/शुल्क आदि बुझाउन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र स्वः घोषणा सहित यस कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । ने.वि.प्रा. को स्वीकृति नलिई/सम्झौता नगरी कुनै सेवा प्रदायकले सेवा संचालन/विस्तार गरेको पाईएमा केवल/बक्स तथा अन्य समानहरु जफत गरिने ब्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल विद्युत प्राधिकरण, कोशी प्रादेशिक कार्यालय, विराटनगर
फोन नं. ०२१-४७३३०६

कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

अब त्यो दिन फर्किदैन

जेनजी आन्दोलनका क्रममा ठूला भनाउँदा नेताहरुमाथि भएको दुर्दशा संझिदा नमिठो लाग्छ । कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी आर्जु राणामाथि घाइते हुनेगरी भएको कुटपिट देखेर कतिपयलाई दया लाग्यो भने कतिले खुच्चिङ नै भने । यति धेरै भोगिरहँदा पुराना दलका शीर्ष नेताहरूमा आत्मसमीक्षा र नेतृत्व हस्तान्तरणको कुनै लक्षण देखिएको छैनादलभित्र र बाहिरबाट नेतृत्व परिवर्तनको माग चर्किए पनि पुराना नेताहरू अझै पदमा टाँसिइरहेका छन्।

पाँच पटक प्रधानमन्त्री भइसकेका कांग्रेस सभापति शेरबहादुर देउवा छैटौं पटक कार्यकारी प्रमुख हुने दिनको प्रतीक्षामा थिए । नेपालमा प्रजातन्त्र आउनुभन्दा अघि स्थापित पार्टीलाई दशकदेखि हाँकिरहेका ८० वर्ष हाराहारीका देउवा र उनकी पत्नी आरजु राणालाई २४ भदौमा प्रदर्शनकारीले कुटपिटसमेत गरे र बुढानीलकण्ठस्थित घरबाट निकाले । आँखै अगाडि आफ्नो घर जलिरहेको टुलुटुलु हेर्नुपऱ्यो । उनीहरूलाई सुरक्षाकर्मीले मुस्किलले उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याए । प्रजातन्त्रका लागि पाँच दशकभन्दा बढी लडेका देउवासामु यस्तो अवस्था किन आइपऱ्यो । एमाले अध्यक्ष केपी शर्मा ओली एक दशकदेखि पार्टी नेतृत्वमा छन् । उनलाई आगामी महाधिवेशनबाट पनि फेरि अध्यक्ष बनाउन पार्टीले विधान संशोधन गरिसकेको छ । उनी चार पटक प्रधानमन्त्री भइसकेका छन् । जेन-जी आन्दोलनले उनकै सरकार ढाल्यो । १० वर्ष सशस्त्र युद्धको नेतृत्व गरेका, गणतन्त्र र संघीय शासन व्यवस्थाका संघर्ष गरेका र तीन पटक प्रधानमन्त्री भइसकेका नेता हुन् माओवादी अध्यक्ष प्रचण्ड । उनी ३७ वर्षदेखि पार्टीको नेतृत्वमा छन् । उनले समेत जेन-जी आन्दोलनका बेला 'असुरक्षित' हुनुपऱ्यो । शान्ति प्रक्रियामा आएको २० वर्षपछि पहिलो पटक उनले सुरक्षाका लागि सेनाको ब्यारेकमा आश्रय लिनुपऱ्यो । प्रदर्शनकारीले दाहालको खुमलटारस्थित निवास आगो लगाएर ध्वस्त बनाए ।२०४६ सालको राजनीतिक परिवर्तनयता केही पटकबाहेक सत्ताको नेतृत्वमा देउवा, ओली, दाहाल, नेपाल र खनाल नै छन् । उनीहरूकै दल नेतृत्व लिएर वा साझेदारी गरेर सत्ता चलाउँदै आएका छन् । पार्टीभित्र समेत तिनै नेता सर्वेसर्वा छन् ।

मुलुकमा अपेक्षित रूपमा विकास निर्माण नभइरहँदा, रोजगारीका अवसर नबढिरहँदा, सार्वजनिक सेवा प्रवाहमा सुधार नदेखिँदा, भ्रष्टाचार लगायतका बेथिति नरोकिँदा तिनै नेतामाथि आम नागरिकको आक्रोश बढिरहेको थियो । उनीहरूमाथि पार्टीभित्रै पनि 'सच्चिने कि सक्किने ?' भन्ने प्रश्न उठ्न थालेको थियो । तर कसैले पनि यसलाई गम्भीर रूपमा लिएनन् । उल्टै दम्भ देखाउँदै आए । अझै सुधिन खोजेका छैनन् । तर एक साता बित्दा पनि कुनै दलको शीर्ष नेतृत्व आत्मसमीक्षा गरेर जिम्मेवारी हस्तान्तरणका लागि तयार भएका छैनन्, न सच्चिने लक्षण नै देखिएको छ । बुढेसकालमा कुटाई खाएर राजनीतिप्रति लिप्त हुनु राम्रो होइन । जेनजी आन्दोलनका क्रममा ती नेताहरुमा हुनसम्म भयो । जे भोग्नु थियो , भोगिसके । त्यसकारण चेतेर अब छोडे हुन्छ । किनकि अब त्यो रजाई फेरि आउने वाला छैन ।

निर्वाचनअघिका जरुरी काम

• यज्ञप्रसाद भट्टराई

शासन सत्ताको बागडोर पटक पटक समालेका कतिपय राजनीतिक दल तथा तिनका नेताबाट भए गरेका कामकारबाहीबाट उत्पन्न परिस्थितिको सामना आमनागरिकले गर्नु पऱ्यो । मुलुकको समृद्धि एवं सुशासनप्रति भएको अकर्मण्यता, राजनीतिक असंस्कार, बढ्दो भ्रष्टाचार र अधिक राजनीतीकरणले आजको परिस्थिति निम्तिएको हो । सर्वसाधारण नागरिकको प्रतिनिधित्व गर्दै जेनजीले गरेको दुईदिने आन्दोलन दुई ठुला दलको गठबन्धनबाट निर्मित सरकार अपदस्थ गरी नयाँ सरकार गठन गर्न सफल भयो । मुलुकमा उत्पन्न विषम तथा असाधारण परिस्थितिलाई सम्बोधन गर्दै युवापुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकाङ्क्षा अनुसार सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन भएको छ । सरकारलाई राजनीतिक दल तथा सरोकारवालासँगको परामर्शसमेतका राष्ट्रिय एकताको प्रवर्धन गर्दै छ महिनाभित्र प्रतिनिधि सभाको अर्को निर्वाचन सम्पन्न गर्ने म्यान्डेट दिइएको छ । प्रतिनिधि सभाको निर्वाचन आगामी फागुन २१ गतेका लागि तोकिएको छ ।

नयाँ सरकारले आन्दोलनको मागबमोजिम महत्वपूर्ण तीन वटा जिम्मेवारी पूरा गर्नुपर्ने बाध्यात्मक परिस्थिति छ । पहिलो, उच्चस्तरीय न्यायिक आयोग बनाई आयोगको सिफारिसबमोजिम आन्दोलनका क्रममा दोषी ठहर भएका व्यक्तिलाई कानुनी कारबाही गर्ने र पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने । दोस्रो, विसं २०४६ यता सार्वजनिक पदमा बसेका व्यक्तिको सम्पत्ति छानबिन गरी अकुत सम्पत्ति आर्जन गरेका व्यक्तिलाई मुद्दा चलाउने गरी उच्चस्तरीय आयोग गठन गर्ने । तेस्रो, प्रतिनिधि सभाको निर्वाचन गराई आगामी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने ।

आगामी निर्वाचन गराउने सम्बन्धमा विभिन्न कोणबाट प्रश्न उठ्न सक्ने देखिएको छ । के अब यही विद्यमान निर्वाचन प्रणाली र शासकीय स्वरूपमा नै छ महिनाभित्र निर्वाचन सम्पन्न गर्ने हो ? वा संविधान संशोधन गरी विद्यमान निर्वाचन प्रणाली र शासकीय स्वरूपमा आवश्यक सुधार गरेर निर्वाचन गर्ने हो ? विद्यमान निर्वाचन प्रणाली र शासकीय स्वरूपमा आवश्यक सुधार गरेर छ महिनाभित्र निर्वाचन सम्पन्न गर्न सकिन्छ वा सम्भव हुन्छ ? पुरानै शासकीय स्वरूप र निर्वाचन प्रणालीमा निर्वाचन गर्ने हो भने यति धेरै जनधनको क्षति हुने गरी गरेको आन्दोलनको औचित्य साबित कसरी हुन्छ ? प्रश्न उठेका छन् ।

विगतमा निर्वाचन प्रणाली परिवर्तनका लागि नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बिच भएको सातबुँदे सहमतिमा राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूल कानुन निर्माण गर्ने उल्लेख भएको थियो । जुन उद्देश्यले सरकार गठन गरिएको थियो त्यस उद्देश्य परि पूर्तिका लागि कुनै पनि काम भएको अवस्था थिएन । सर्वोच्च अदालतले पनि संविधान र समानुपातिकको सिद्धान्तविपरीत तरमारा वर्ग हाबी भएको ठहर गर्दै निर्वाचन प्रणाली परिमार्जन गर्न निर्देशनात्मक आदेश दिएको थियो । नेपाल बार एसोसिएसनसमेतले पनि संविधान संशोधन गर्नुपर्ने विषय सार्वजनिक गरिसकेको थियो । राष्ट्रिय नीति अनुसन्धान प्रतिष्ठानले गरेको अध्ययनमा समेत निर्वाचन प्रणालीमा सुधारका लागि संविधान संशोधन हुनुपर्ने विषय उठान गरेको थियो । विभिन्न मत वा विचार विभिन्न बुद्धिजीवी एवं निर्वाचन सरोकारवालाबाट आइरहेका थिए । त्यसतर्फ राजनीतिक दलका नेता र तत्कालीन सरकारले कुनै सुधारका प्रयास गर्न सकेन ।

आवधिक निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । निर्वाचन प्रणालीले मुलुकको शासनव्यवस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर गरिरहेको हुन्छ । निर्वाचन प्रणालीका विषय संविधानमा समावेश गरिएका हुन्छन् । संविधान परिवर्तनशील दस्ताबेज हो । त्यसैले मुलुकको आवश्यकता र जनताको चाहना एवं युवापुस्ताको भावना अनुकूल हुने गरी संविधान संशोधन गरी विद्यमान शासकीय स्वरूप र निर्वाचन प्रणालीमा सुधार गरेर सो अनुरूप मात्र निर्वाचन गर्दा उचित हुने छ । नेपाल जस्तो सानो देशमा संघीय र प्रदेश तहमा ८८४ जना सांसद र ७५३ पालिकाका ३५,२२१ जनप्रतिनिधि निर्वाचित हुने व्यवस्था छ । त्यसै गरी जिल्ला समन्वय समितिमा समेत जनप्रतिनिधि निर्वाचित हुने व्यवस्था छ । करिब तीन करोड जनसङ्ख्या भएको मुलुकमा यति ठुलो संख्यामा जनप्रतिनिधि आवश्यक पर्ने हो वा होइन पुनर्विचार गर्नुपर्ने हुन्छ । अहिलेको जनप्रतिनिधिको संख्या ठुलो आकारको भएको हुँदा जनप्रतिनिधिको संख्या घटाउँदा शासनव्यवस्था चुस्त हुने र मुलुकको साधारण खर्चसमेत कम हुने हुन्छ । यस्तो कार्य मुलुक र जनताको हितमा नै हुन्छ । तसर्थ आवश्यकताको सिद्धान्त र आन्दोलनको मर्मबमोजिम संविधान संशोधन गरेर जनप्रतिनिधिको संख्या घटाई निर्वाचन गर्नु आवश्यक छ ।

प्रतिनिधि सभातर्फ ११० र प्रदेश सभातर्फ २२० जना सांसदको चयन समानुपातिक निर्वाचन प्रणालीबाट हुने विद्यमान प्रावधान छ । समानुपातिक निर्वाचन प्रणालीबाट संसद्को चयन संविधानको मर्म र भावना अनुकूल भएको देखिँदैन । सर्वोच्च अदालतले समेत समावेशिताको अर्थ नै समाजका अगुवाद्वारा निर्वाचित निकाय कब्जा (एलिट क्याप्चर) लाई रोक्नु रहेको भन्ने समेतका विषय उठान गरी फैसलामा बोलेकाले अहिले प्रयोग भइरहेको समानुपातिक निर्वाचन प्रणालीको सुधार गर्नुको विकल्प देखिँदैन । अहिलेको संवैधानिक प्रावधान अनुसार मन्त्री सङ्घीय संसद्का सदस्यमध्येबाट बढीमा २५ जना रहने व्यवस्था छ । संघीय संसद् मन्त्री हुने व्यवस्था रहँदा यसका अनेक विकृति देखिएका छन् । धेरै जसो मुलुकमा विज्ञहरू मन्त्रीमा नियुक्त हुने व्यवस्था छ । एउटै व्यक्ति कार्यपालिकामा पनि रहने र व्यवस्थापिकाको पनि सदस्य रहने व्यवस्थाले गर्दा शक्ति पृथकीकरणको सिद्धान्तसँग मेल खाएको देखिँदैन । निर्वाचित जनप्रतिनिधिलाई मन्त्री बनाउँदा सरकारको कार्य प्रभावकारी नभएको आवाज पनि उठेका छन् । यसर्थ संसद् भन्दा बाहिरबाट विज्ञ व्यक्ति मन्त्रीमा नियुक्त हुने व्यवस्था गर्नु आवश्यक छ ।

हामीले अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको अवलम्बन गरेका छौं । नेपालले बेलायती मोडेलको संसदीय शासन प्रणाली अवलम्बन गरेको छ । संसद्ले प्रधानमन्त्री निर्वाचित गर्ने र कार्यकारी अधिकार प्रधानमन्त्रीमा निहित हुने व्यवस्था छ । यस प्रकारको हाम्रो प्रधानमन्त्री निर्वाचित गर्ने प्रणालीमा विगतदेखि नै अर्थात् २०४६ सालपछि शासकीय स्थिरता देखिएको छैन । प्रधानमन्त्री पटक पटक फेरबदल भइरहने एवं सरकार परिवर्तन भइरहने अवस्थाले गर्दा धेरै विकृति मौलाएको छ । अहिलेको वितृष्णा पनि यही नै हो । नेपालमा हालसम्म कुनै पनि निर्वाचित सरकारले पूर्ण कार्यकाल व्यतीत गर्न पाएको इतिहास छैन । यसर्थ संसद्बाट प्रधानमन्त्री निर्वाचित गर्ने प्रणालीको अलवा मतदाताले प्रत्यक्ष मतदान गरी प्रधानमन्त्री निर्वाचित गर्ने प्रणाली अवलम्बन गर्ने र निर्वाचित प्रधानमन्त्री दुई कार्यकाल मात्र प्रधानमन्त्री हुन पाउने प्रणाली अवलम्बन गर्न उचित हुने देखिन्छ ।

प्रदेशको संरचना अहिले राज्यका लागि बोझ बनेको छ । प्रदेश केवल राजनीतिक दलले आफ्ना कार्यकर्तालाई व्यवस्थापन गर्ने थलो मात्र बनेको आभास हुन्छ । प्रदेशका कामकारबाहीले जनतालाई छुन सकेको देखिँदैन । राज्यको स्रोतसाधनमा दोहोरोपन मात्र देखिएको छ । तसर्थ अहिलेको प्रदेशको संरचनालाई पुनर्विचार गर्नुपर्ने आवाश्यकता देखिएको छ ।

जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था खारेज गर्ने नेपालको संविधानले संघीय गणतान्त्रिक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । यसको मूल मर्मविपरीत संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ । यो संरचना राज्यका लागि बोझ बनिरहेको छ । यसले गर्ने काम प्रभावकारी र परिणाममुखी देखिएको छैन ।

स्थानीय तह जनताले सेवा पाउने जनताको सबभन्दा नजिकको तह हो । जनताका हरेक आधारभूत प्रकृतिका कामकारबाही स्थानीय तहमार्फत हुने गर्छ । स्थानीय तह सेवा प्रवाह गर्ने निकाय हो । स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि दलीय आधारमा निर्वाचित हुँदा सेवा प्रवाहमा समानका बिचमा असमान व्यवहार हुने जोखिम बढ्ने अवस्था विद्यमान देखिन्छ । अवसर र पहुँचको वितरण दलीय आस्थाका आधारमा हुन सक्ने सम्भावना रहन्छ । स्थानीय तहको निर्वाचन दलीय प्रकृतिको हुने हुँदा विकासनिर्माण प्रभावकारी नभएको तथा स्रोतको समन्यायिक वितरण हुन नसकेको जस्ता आवाज पनि उठेका छन् । यसर्थ स्थानीय तहको सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष र परिणाममुखी बनाउन पनि स्थानीय तहको निर्वाचन गैरदलीय रूपमा गर्ने व्यवस्था हुन आवश्यक छ ।

नेपालको संविधानमा प्रतिनिधि सभाको सदस्य हुन २५ वर्ष, राष्ट्रिय सभाका लागि ३५ वर्ष, प्रदेश सभाका लागि २५ वर्ष र गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख, वडा अध्यक्ष र सदस्य हुन २१ वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्था छ । दक्षिण कोरियामा हेर्ने हो भने १८ वर्ष पुगेका कोरियन नागरिकले मत दिन पाउने व्यवस्था रहनुका साथै १८ वर्ष पुगेको कोरियन नागरिक नेसनल एसेम्बलीको निर्वाचनमा उम्मेदवार हुन योग्य हुने व्यवस्था छ । नेपालमा पनि युवापुस्तालाई राजनीतिमा आकर्षित गर्न वा देश निर्माणमा सहभागी गराउन पनि प्रतिनिधि सभा र स्थानीय तहमा उम्मेदवार हुन १८ वर्ष पुगेपश्चात् योग्य हुने व्यवस्था गर्नु आवश्यक छ ।

हाम्रो देशमा राजनीतिक दलको उम्मेदवार छनोट प्रक्रिया अपारदर्शी छ । अनेक चलखेल र विकृति उम्मेदवार छनोटबाटै सुरु भएको हुन्छ र त्यसको असर शासनव्यवस्थामा परेको पाइन्छ । राजनीतिक दलले निर्वाचनका लागि उम्मेदवार छनोट गर्दा प्राथमिक निर्वाचन गरेर मात्र गर्नुपर्ने व्यवस्था हुनु आवश्यक छ । निर्वाचनपूर्व गठबन्धन गर्न नपाउने व्यवस्थासमेत आगामी निर्वाचनमा हुनु आवश्यक देखिन्छ । निर्वाचनपूर्वको गठबन्धनलाई निरुत्साहित गर्ने पर्छ ।

राजनीतिक दललाई मतदाताप्रति बढी उत्तरदायी बनाउन एवं जनताले रुचाएको उम्मेदवारलाई मनोनयन गर्न बाध्य तुल्याउन साथै दलहरूमा आन्तरिक लोकतन्त्रलाई मजबुत बनाउन पनि मतदाताले कसैलाई पनि मत दिन्न भनी आफ्नो असहमति जाहेर गर्ने नोटाको व्यवस्था गर्नु पर्छ । यस्तै प्रकृतिका अन्य कतिपय व्यवस्थामा सुधार एवं परिमार्जनको जरुरत रहेको छ । मुलुकमा शान्ति, सुशासन र समृद्धि ल्याउन आगामी निर्वाचन हुनुभन्दा अघि द्रुत र शीघ्र प्रक्रियाबाट निर्वाचन प्रणाली र शासकीय स्वरूपमा संवैधानिक एवं कानुनी रूपमा सुधार गरेर मात्र निर्वाचन गरेमा यस आन्दोलनको उद्देश्य पूरा गर्न सहयोग पुग्ने छ । यसका लागि सरकार, राजनीतिक दल, जेनजी पुस्ता, नागरिक समाज तथा सबै सरोकारवाला पक्षको सार्थक सहयोग र पहल आवश्यक छ ।

कागज र मुहारबिनाको सेवा प्रवाह

• शान्ता गौतम

हरेक देशका नागरिकलाई सेवा प्रवाह गर्ने उद्देश्यले सार्वजनिक प्रशासन, संयन्त्र वा निकायको स्थापना र व्यवस्थापन गरिएको हुन्छ । हरेक संस्था वा निकायले अलग अलग प्रकारका वस्तु वा सेवा प्रवाह गर्छन् । सार्वजनिक सेवाभित्र वस्तु वा सेवा दुवै पर्छन् । आपत्विपत्, कोही सहारा नहुँदा, पीरमर्कामा पर्दा, दुःखदर्दमा राज्यले मनोवैज्ञानिक आत्मबलसमेत प्रदान गर्छ । जसले राज्यप्रति जनताको अपनत्व अझ बढी कायम हुन्छ । सरकारको मूल कार्य जनताको आवश्यकता, माग वा चाहना अनुरूप सेवा प्रदान गर्नु हो । राजनीतिक पार्टीले विभिन्न प्रकारका सेवा सुविधा उपलब्ध गराउने प्रतिबद्धता चुनावी घोषणापत्रमार्फत जनताबाट अनुमोदन गराएर आएको हुन्छ । त्यसकै आधारमा सरकारले सेवा प्रवाहको मोडालिटी तयार गर्छ ।

सामान्यतः नागरिकले सरकारलाई देख्ने, भेट्ने, सुन्ने, चिन्ने, अनुभूत गर्ने, मूल्याङ्कन गर्ने भनेकै सेवा प्रवाहका माध्यमबाट हो । सेवाग्राहीले आफूले प्राप्त गर्नुपर्ने सेवा प्राप्त गर्दा सरकार वा सम्बन्धित संस्थालाई भेट्ने, बुझ्ने, अनुभूत गर्ने अवसर पाउँछन् । सोही आधारमा समग्र सरकार र राज्यव्यवस्थाप्रतिको आमधारणा बनाउने गर्छन् । सेवा प्राप्तिका क्रममा कर्मचारीले गर्ने व्यवहार, कार्य प्रक्रिया, निर्णय प्रक्रिया, सेवा प्राप्त गर्न लागेको समय लागत हैरानी वा सहजताले नै सरकार कति सफल कति असफल भन्ने निष्कर्ष निकाल्न सकिन्छ । राज्यबाट नागरिकले सेवा पाउनु संविधानप्रदत्त नैसर्गिक अधिकार हो । संविधान, ऐन, कानुन, नीति, नियमको परिधिभित्र रही जनताकेन्द्रित सेवा सुविधा निष्पक्ष, पारदर्शी, समावेशी, गुणस्तरीय, समान, सरल रूपमा प्रदान गर्नु आदर्श सरकारको कर्तव्य हो ।

जनताको हक अधिकार संरक्षण एवं संवर्धन गरी जनतालाई आवश्यक वस्तु तथा सेवाको सहज र सुलभ रूपमा समयमा आपूर्ति गरी सेवाग्राहीको सर्वोत्तम हितमा कार्य गर्नु नै प्रजातान्त्रिक तथा जनउत्तरदायी सरकारको पहिलो र महत्वपूर्ण कर्तव्य हो । हरेक देशका सरकारले संसारका अन्य देशले अवलम्बन गरेका असल अभ्यासको अनुसरण गरी समयसापेक्ष सेवा सुविधा प्रदान गर्न सक्नु पर्छ । निरन्तर सुधार, जनमुखी, सहभागितामूलक, सहकार्य, सामूहिकता र पृष्ठपोषणमा आधारित गुणस्तर व्यवस्थापनबाट सेवा गुणस्तरमा निरन्तर सुधार गर्ने प्रयास र सोको अनुभूति जनतामा गराउन सक्नु पर्छ ।

नेपालको सार्वजनिक सेवा प्रवाहको चुस्तता, प्रभावकारिता, कार्यदक्षता अभिवृद्धिका लागि विभिन्न कालखण्डमा समयसापेक्ष संविधान, ऐन, कानुन, नियम, कार्यविधि, मापदण्ड, सङ्गठन संरचना परिवर्तन गरी जनतालाई अधिकतम सेवा सुविधा दिने प्रयास हुँदै आएको छ । नेपालको संविधान, २०७२ ले सुशासन, विधिको शासन, नागरिक सर्वोच्चता, सहभागितामूलक, जवाफदेही शासन प्रणाली, विकेन्द्रीकरण र सबल सक्षम स्थानीय सरकारको व्यवस्था गरेको छ । सरकारले जनतालाई कागज, मुहार र नगदबिनाको सेवा प्रवाह अवधारणामा नागरिकलाई सेवा प्रवाह गर्ने उद्देश्य लिएको छ । नागरिकलाई सरल सहज सेवा उपलब्ध गराउने उद्देश्यले स्थापित सम्पूर्ण सार्वजनिक निकायले आआफ्नो संस्थाबाट प्रदान गरिने सेवा आमसेवाग्राहीको अपेक्षा आवश्यकता अनुरूपको गर्न सकेमा मात्र राज्यले लिएको सेवा प्रवाह नीतिको पूर्ण कार्यान्वयन हुने छ ।

पछिल्लो समय सूचना प्रविधिमा भएको विकासले सेवा प्रवाहको परम्परागत अवधारणामा आमूल परिवर्तन आएको छ । सेवाग्राही आज भौतिक रूपमा कार्यालयमा उपस्थित नभई सेवा प्राप्त गरिरहेका छन् । हरेक संस्थाले आफ्ना सेवा प्रवाहलाई त्यसतर्फ केन्द्रित गर्न आवश्यक छ । सेवाग्राहीलाई भौतिक रूपमा कार्यालयमा उपस्थित नगराई सेवा प्रदान गर्ने सर्वोत्तम उपाय भनेकै सूचना प्रविधिमा आधारित अनलाइन सेवा प्रवाह गर्ने नै हो । यसमा सेवाग्राही र सेवा प्रवाह गर्ने कर्मचारीबिच सिधा भौतिक सम्पर्क हुँदैन । अनलाइन सेवा प्रवाहमा कर्मचारीबाट हुने व्यवहारगत कमजोरी हुने अवसर नै उपलब्ध हुँदैन । साथै भ्रष्टाचार हुने सम्भावना पनि न्यून हुन्छ । मोबाइल एपका माध्यमबाट कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाबारे सूचना जानकारी प्राप्त गर्न सकिन्छ । सेवा प्राप्त गर्न अपनाउनुपर्ने प्रक्रिया सम्बन्धमा सरल भाषामा मार्गदर्शन तयार गरिएका हुन्छन्, जसले साधारण लेखपढ गरेका व्यक्तिले समेत सहज रूपमा प्रयोग गर्न सक्छन् ।

नेपालमा धेरै कार्यालयले कागज, मुहार र नगदबिनाको सेवा प्रवाह गरिरहेका छन् । नागरिक एपबाट राज्यले उपलब्ध गराउने अधिकांश सेवाको जानकारी प्राप्त गर्न सकिने अवस्थाले नागरिकलाई घन्टौं लगाएर जानकारी लिन वा सेवाको प्रयास गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ । आज नागरिक विद्युत्, पानी, टेलिफोन महसुल, कर आदि घरमै बसी बसी सम्बन्धित कार्यालयमा जम्मा गर्न सक्षम भएका छन् । सरकारी कार्यालय वा निकाय सार्वभौम जनताप्रति जिम्मेवार र जवाफदेही हुनु पर्छ । सबै प्रकारका सेवा प्राप्त गर्न सेवाग्राही कार्यालयमै जानुपर्ने मान्यता हट्नु/हटाउनु पर्छ । सेवाग्राही कार्यालयमा होइन कार्यालय सेवाग्राहीकोमा पुग्नु पर्छ ।

२१ औं शताब्दी सूचनाको युग हो भनिन्छ । सूचनाको व्यवस्थापन गर्न सूचना प्रविधिको विकासले सहज बनाएको छ । आज कल सेन्टरका माध्यमबाट सेवाग्राहीको सम्पूर्ण जिज्ञासा र गुनासोको सम्बोधन हरेक कार्यालयले गर्दै आएका छन् । सेवाग्राहीले आग्रह गरेको सेवा सुविधा कुन चरणमा छ भन्ने जानकारी एसएमएसको माध्यमबाट अद्यावधिक जानकारी उपलब्ध गराउन सकिएको छ । यसले नागरिकको अनावश्यक तनाव व्यवस्थापन, समय र स्रोतसाधनको बचत हुन गई रचनात्मक कार्यमा बचेको समयको सही सदुपयोग गर्न सकिने अवस्था निर्माण भएको छ । वास्तविक समयमा प्राप्त गर्न सकिने सूचना जानकारी तथ्याङ्कले निर्णयकर्तालेे तथ्यमा आधारित विश्वसनीय निर्णय गर्न सक्ने र सेवाग्राहीलाई वास्तविक समयमै सेवा प्रवाह गर्न सक्ने अवस्था बन्दै गएको छ । संस्थाको गतिविधि पारदर्शी भई संस्थामा संस्थागत सुशासन कायम गर्न सहज हुनुका साथै संस्थाप्रति जनताको विश्वसनीयता बढेर गएको छ । सम्पूर्ण कारोबार बैङ्किङ प्रणालीमार्फत हुने भएपछि नगदरहित कारोबारले भ्रष्टाचार शून्य हुने, अनौपचारिक अर्थतन्त्र नियन्त्रण हुने, चोरीचकारी, आर्थिक अनियमितता पूर्ण रूपमा नियन्त्रण गर्न सकिन्छ । न्यून जनशक्ति, न्यूनतम कार्यालय स्पेसको प्रयोगले संस्थाको कार्यदक्षता, प्रभावकारिता मितव्ययिता वृद्धि भई अन्तत्वोगत्वा मुनाफा वा बचतमा वृद्धि भई कर्मचारी र सेवाग्राही दुवैलाई प्रत्यक्ष/परोक्ष रूपमा आर्थिक लाभ प्राप्त हुन्छ । संस्थागत सुशासन ऐन, नियम, निर्देशिकाको पूर्ण पालना भई बेरुजु वा अनियमितता नियन्त्रण भई देशका संस्था वा निकायको विश्वसनीयता बढ्न जान्छ । संस्था वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन यथार्थपरक हुने भएकाले कार्यसम्पादनका आधारमा पारितोषिक गर्न सकिन्छ । सेवाग्राहीको अपेक्षा लिने, अन्तर्क्रिया वा पृष्ठपोषण नियमित रूपमा प्राप्त गरी स्वचालित रूपमा सेवा प्रवाहलाई सुधार गर्न सकिन्छ । हरेक कर्मचारीको कामकारबाहीलाई तथ्यमा आधारित भई नजिकबाट अनुगमन गर्न सकिने भएकाले कर्मचारीले छलकपट गर्न सक्ने अवस्था रहँदैन । संस्थाले राखेको लक्ष्य हासिल गर्न सहज हुन गई समग्र देशको आर्थिक विकासमा योगदान पुग्न जान्छ । आस्थाको आधारमा हुन सक्ने पूर्वाग्रह पूर्ण

❖ बाँकी तेस्रो पृष्ठमा

बीमा रकम दुरुपयोग गर्ने तीन कर्मचारी बर्खास्त

झापा(प्रस) ।कोशी अस्पतालको औषधि पसल (फार्मेसी)का कार्यरत तीन कर्मचारीलाई सेवाबाट बर्खास्त गरिएको छ । करार सेवाका ती कर्मचारीले स्वास्थ्य बीमा रकम दुरुपयोग गरेको खुलेपछि सेवाबाट बर्खास्त गरिएको हो ।

बर्खास्त गरिएकामध्ये दुई फार्मेसी सहायक र एक जना कार्यालय सहयोगी छन् । अस्पताल प्रशासनले ती कर्मचारीका बारेमा थप अनुसन्धान गरिरहेको जनाउँदै नाम सार्वजनिक भने गरेको छैन ।

ती कर्मचारीले औषधि कम आपूर्ति गरी बढी रकम कट्टा गर्ने, चिकित्सकले नलेखेका महँगा औषधि देखाएर भुक्तानी गर्ने, बिरामीका नाममा ठूलो मात्रामा औषधि देखाउनेजस्ता अनियमितितामा संलग्न भएको पाइएपछि सेवाबाट बर्खास्त गरिएको जनाइएको छ ।

मोरङका एक क्यान्सरपीडित बिरामीले उजुरी दिएपछि उपचार रकमको दुरुपयोगको घटना बाहिर आएको हो । अस्पतालको आकस्मिक कक्षमा उपचारका क्रममा चिकित्सकले सात दिनका लागि औषधि लेखिदिँदा पनि ती बिरामीको बीमा खाताबाट एक महिनाको औषधि बराबर रकम कटाइएको थाहा पाएपछि ती बिरामीले अस्पताल प्रशासनमा उजुरी दिएका थिए । लिखित उजुरी प्राप्त भएपछि अस्पतालले छानबिन समिति गठन गरी अनुसन्धान गरेको मेडिकल सुपरिटेन्डेन्ट डा. रुना झाले बताइन् ।

उनले भनिन्, “हामीलाई पहिले पनि कतिपय बिरामीले बीमाको औषधि दुरुपयोगबारे गुनासो गरेका थिए, तर यसपटक लिखित उजुरी नै आयो, उजुरीमा उल्लेखित मात्र होइन, अघिपछि काटिएका बिलसमेत परीक्षण गर्दा अनियमितता पुष्टि भएपछि उनीहरूलाई बर्खास्त गरिएको हो ।”

अस्पताल प्रशासनले बर्खास्त गरिएका कर्मचारीको नाम सार्वजनिक नगरे पनि छानबिन समितिको प्रतिवेदनमा उनीहरूको प्रत्यक्ष संलग्नता प्रमाणित भएको उल्लेख छ ।

कोशी अस्पतालमा दैनिक करिब एक हजार बिरामी सेवा लिन आउँछन् । ती मध्ये आधाभन्दा बढी स्वास्थ्य बीमा सदस्य हुने गरेका छन् । बीमित बिरामीमध्ये सबैभन्दा धेरै दीर्घरोगका बिरामी छन् । अस्पतालको बीमा शाखाले उपलब्ध गराएको तथ्याङ्कअनुसार बीमित बिरामीमध्ये अधिकांश मेडिकल विभागमा उपचारका लागि पुग्ने गरेका छन् ।

शंकास्पद अवस्थामा युवती मृत फेला

झापा(प्रस) ।खोटाङको दिप्रुङ चुइचुम्मा गाउँपालिकामा एक युवती मृत फेला परेकी छन् । उक्त पालिकाको वडा नं ४ बतासेकी अन्दाजी २६ वर्षीया रेश्मिका परियारको स्थानीय मार्से जंगलमा भदौ ३० गते राति मृत फेला परेकी हुन् ।

अजम्बरी साना किसान कृषि सहकारी संस्थामा कार्यरत परियारलाई कार्यालयस्थल पञ्चमीबजारबाट घर फर्कने क्रममा जंगलमा बलात्कारपछि हत्या गरिएको हुन सक्ने कार्यवाहक वडाध्यक्ष सुवास प्रधानले बताएका छन् । प्रधानका अनुसार बेलुकी अबेरसम्म घर नफर्किएपछि खोज्ने क्रममा बाटोनेर चप्पल फेला परेको, त्यसपछि खोज्दै जाँदा केही तल मडारिएको ठाउँ फेला परेको र करिब एक सय मिटर तल घोप्टो परेको अवस्थामा राति ८ बजेतिर फेला परेकी हुन् ।

परियारको भित्री कपडा मडारिएको ठाउँनेर फेला परेको र बाहिरी कपडा भने लगाइएको अवस्थामा फेला परेको प्रधानको भनाइ छ । रातिदेखि नै घटनास्थलमा प्रहरी पुगे पनि माइतीपक्षको पर्खाइमा घटनास्थलबाट शव उठाउन नसकेको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक प्रकाश बुढाथोकीले बताए ।’घटनास्थलमा राति नै प्रहरी पुगेको छ, म पनि जाँदै छु’, डीएसपी बुढाथोकीले भने, ’आफन्तको पर्खाइमा शव उठाउन सकिएको छैन ।’

दशैँअघि दूध किसानले पैसा पाउनेमा अन्योल

झापा(प्रस) । यही भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका कारण अन्य क्षेत्रजस्तै दुग्ध क्षेत्र पनि प्रभावित बन्न पुग्यो। प्रदर्शनका कारण अस्तव्यस्त अवस्थासँगै किसानले उत्पादन गरेको दूध संकलन हुन सकेन।

शनिबारदेखि डेरी उद्योगहरूले दूध संकलन गरिरहेका छन् तर लामो समयदेखि बाँकी रहेको दूधको पैसा किसानले दशैँअघि पाउने नपाउने अनिश्चित छ।

किसानले उधारोमा दूध बेच्नुपर्ने बाध्यता छ। उनीहरुले तीनदेखि ६ महिनासम्म (ठाउँ अनुसार फरक) को पैसा पाएका छैनन्।

किसानहरूलाई सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी) ले १ अर्ब र निजी डेरीहरूले साढे २ अर्ब गरी साढे ३ अर्ब भुक्तानी दिन बाँकी छ।

डिडिसीले मौज्दात सामग्रीको बजारी करण नहुँदा किसानको पैसा दिन नसकिएको बताउने गरेको छ। केही निजी डेरीहरूले पनि डिडिसीलाई पछ्याउँदै किसानको पैसा तिरेका छैनन्।

नेपालीहरूको महान् चाड दशैँको मुखमा किसानले दूधको पैसा पाउने आशा बाँकी नै छ तर जेनजीको आन्दोलन बहाना बन्ने चिन्ता भने किसानलाई छ।

यस्तो अवस्थामा, १२ दिनअघि (भदौ १८) दुग्ध किसानका मागमा सहमति गरेका सरकारी स्वामित्वको डिडिसी, डेरी उद्योग संघ र निजी डेरी एसोसिएसनले किसानको पैसा दशैँअघि देलान् ?

नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रह्लाद दाहाल किसानको पैसा तिर्न प्रतिबद्ध रहेको तर जेनजी आन्दोलनपछि सिर्जित अवस्थाले गर्दा परिस्थिति प्रतिकूल बनेकाले अन्योल कायमै रहेको बताउँछन्।

‘दुई दिन बजारमा दूध आउन नै सकेन। कतिपयको बाटोमै फाट्यो। किसानलाई असोज पाँचभित्रै पैसा दिन सकिन्छ भनेर अहिले ठ्याक्कै भन्न सक्ने अवस्था छैन, तथापि दिन सकिन्न त भन्नै पाइएन’ अध्यक्ष दाहालले भने‘एक खालको अन्योल कायम भएको छ।’

पहिले क्षति संकलन गरेर मात्र पैसा दिन सक्ने नसक्ने भन्न सकिने उनी बताउँछन्।

‘साथीहरूसँग थप कुरा केही भएको छैन, अहिले प्रदर्शनबाट भएको क्षतिको विवरण संकलन भइरहेको छ’, अध्यक्ष दाहालले भने‘ ‘किसानको पैसा समयमै तिर्न अझै पनि प्रतिबद्ध छौं, तथापि दुई चार दिन ढिला भने हुन पनि सक्छ।’

जेनजी आन्दोलनले अन्यत्र जस्तै दुग्ध व्यवसाय क्षेत्रमा समेत केही असर परेको भन्दै उनले केही उद्योगीको अवस्था अब के होला भन्ने प्रश्न उब्जिएको बताए।

‘तत्काल बजारबाट पैसा उठाउन सक्ने अवस्था छैन, धेरैले भाट भटेनीमा सामान जेनजी प्रदर्शनपछि अस्तव्यस्त बनेको बजार विस्तारै लयमा फर्कँदै गरे पनि केही डेरी उद्योगीले भने बजारमा दूध बिक्री गर्न गाह्रो भइरहेको भन्दै दूध संकलनमा आनाकानी गरेको गुनासो पनि किसानहरूले गरेका छन्।

‘यस्तो बेलामा केही साथीहरूले “धमिलो पानीमा माछा मार्ने” काम गरेको हुनसक्छ, बढी भएको बेलामा स्टक कटाउन बहाना बनाएर दूध नउठाएको भन्ने सुनेका छौं’, उनले भने ।

केन्द्रीय दुग्ध सहकारी संघका महासचिव रामप्रसाद आचार्य असोज पाँचमा पैसा दिने सहमति पूरा नगरिए नयाँ ढंगबाट अगाडि बढ्ने बताउँछन्।

दिनुहुन्थ्यो, तर त्यहाँको पेमेन्ट लगभग कसैको आउँदैन। धनगढी साइडमा पनि साथीहरूको डेरी उद्योग पूरै जलेको छ’ उनले थपे।

उनका अनुसार हाल देशभर दैनिक ३१ लाख लिटर दूध संकलन हुन्छ, जसमध्ये डिडिसीले ३० प्रतिशतसम्म खरिद गर्छ भने बाँकी साना, ठूला, घरेलु सबै गरी निजी क्षेत्रबाट संकलन हुन्छ।

कोभिडको समयदेखि घर घरमा दूध पुऱ्याउने ट्रेन्ड आएको छ, जसले दुग्ध क्षेत्रमा अर्को नयाँ वर्ग थपिएको छ, जसको कतै रेकर्ड नहुने अध्यक्ष दाहाल बताउँछन्।

‘अलि/अलि कुराकानी भएको छ, हामी मिलाउँछौं भन्नुभएको छ तर घुमाउरो ढंगले जेनजी आन्दोलनलाई बहाना बनाउन संकेत देखिएको छ’, महासचिव आचार्यले भने “स्याल कराउनु र कुखुरा हराउनु एकैचोटी भयो” भनेजस्तो हुनसक्छ, तर देशको परिस्थितिले पैसा तिर्न सकिएन भन्नु फेरि पनि एउटा बहाना मात्र हुन्छ’

तथापि डिडिसीका महाप्रबन्धकले छलफलका लागि भोलिलाई बोलाएको भन्दै उनले निजी भन्दा डिडिसीकै अन्योल देखिएको उल्लेख गरे। ‘जे सम्झौता भएको छ, डिडिसी, निजी उद्योगहरूले जे बोलेका छन्, त्यसलाई अक्षरसः कार्यान्वयन गर्नुपर्छ, असोज पाँच गतेसम्ममा किसानले पैसा पाउनुपर्छ’, उनले भने ‘दशैँमा पैसा पाउने किसानको आश र विश्वासमा चोट नपुऱ्याइयोस् भन्ने हाम्रो अनुरोध छ’

किसानको पैसा दिने सहमति कार्यान्वयनका लागि कृषि मन्त्रालयका सचिवसहित सरोकारवाला निकायसँग ताकेता गरिरहने भन्दै महासचिव आचार्यले फेरि पनि बहाना बनाएर पैसा नदिने परिस्थिति बनाइयो भने नयाँ ढंगले अगाडि बढ्ने चेतावनी दिए।

‘निजी क्षेत्रसँग भएका पछिल्ला छलफलमा सहमति बमोजिम नै पैसा तिर्ने प्रतिबद्धता जनाउँदै ढुक्क हुन भनेको बताउँदै महासचिव आचार्यले डिडिसीको विषयमा भने अझै अन्योल रहेको उल्लेख गरे।

‘डिडिसीमा अन्योल नै छ, मन्त्री नभएको लगायतका बहाना देखाउन सक्छन् तथापि हालका जीएम (सञ्जीव झा) त्यो बेलाको छलफलमा मन्त्रीसहित सहभागी भएर हस्ताक्षर हस्ताक्षर गर्नुभएको छ र छलफल गर्न बोलाउनु भएकोले विश्वास छ’ उनले थपे। डिडिसीमा भर्खरै नयाँ महाप्रबन्धकका रुपमा पठाइएका झासँग भने सम्पर्क हुन सकेन।

यही भदौ १८ गते सरकारसँग सहमति भएसँगै दुग्ध उत्पादक संघसंस्थाले थालेको आन्दोलन स्थगित भएको थियो ।

सहमतिअनुसार दुग्ध उत्पादक किसानलाई दूधको भुक्तानी बाँकी बक्यौता रकम गत असार मसान्तसम्मको असोज ५ गतेभित्र गर्ने र साउन मसान्तसम्मको बाँकी बक्यौता असोज ३० गतेभित्र गरी भदौ मसान्तसम्मको पैसा कार्तिक मसान्तसम्म भुक्तानी गर्ने सहमति भएको थियो।

यसैगरी त्यसपछिका दिनमा नियमित रूपमा भुक्तानी गर्दै जाने, हाल दुग्ध उत्पादक सहकारी संघ संस्थाहरूबाट लिइरहेको दूधको परिमाण नघटाई निरन्तर दूध लिने दिने सहमति भएको छ।

सरकारले तोकेको कृषकको दूधको न्यूनतम खरिद मूल्यमा देशैभरका उद्योगबाट दूध खरिद गर्ने गराउने भनिएको छ।

कागज...

मूल्याङ्कन प्रणालीको अन्त्य भई चाकडी चाप्लुसी प्रथाको सट्टा कार्यसम्पादनमा आधारित मूल्याङ्कन हुन्छ । सेवाग्राहीको गुनासो वा सुझाव कार्यान्वयन भए/नभएको सुपरिवेक्षकले आवधिक रूपमा जहाँसुकै र जस्तोसुकै अवस्थामा हेर्न र देख्न सकिने भएकाले संस्था वा निकायले सेवाग्राहीको भावनाको कदर गर्नुका साथै सेवा प्रवाहलाई थप सबलीकरण गर्न मद्दत गर्छ ।

विसं २०१९ भदौ ३१ गते स्थापित कर्मचारी सञ्चय कोषले आफ्नो हिसाबकिताबको लेखाङ्कन स्थापनाकालदेखि नै व्यवस्थित गर्नुका साथै आवधिक रूपमा लेखा परीक्षण सम्पन्न गर्दै आएको छ । नेपालको इतिहासमा प्रथम पटक आइबिएम १४०४ मेसिन प्रयोग गरेर केन्द्रीय तथ्याङ्क विभागले २०२८ सालको जनगणनाको नतिजा प्रकाशनमा ल्याएको थियो । त्यही मेसिनलाई मुलुकमा भित्रिएको पहिलो कम्प्युटर मानिन्छ । त्यसै वर्ष अर्थात् विसं २०२८ सालमा राष्ट्रिय कम्प्युटर केन्द्रको स्थापना भई उक्त केन्द्रले आइसिएल २ ९५०/१० नामक चौथो पुस्ताको कम्प्युटर प्रयोगमा ल्याएपछि नेपालमा सरकारी एवं सार्वजनिक निकायमा सूचना प्रविधिको प्रयोग सुरु भयो ।

कर्मचारी सञ्चय कोष पनि राष्ट्रिय कम्प्युटर केन्द्रको सहयोगमा कम्प्युटर प्रविधि प्रयोग गर्ने केही अग्रणी संस्थामध्ये एक हो । तत्कालीन अवस्थामा कर्मचारी सञ्चय कोषको काममा कम्प्युटर प्रविधिको प्रयोग भने विसं २०३६ सालमा सुरु भएको पाइन्छ । त्यस बेला स्थायी बहालमा रहेका ४० हजार शिक्षकको समेत सञ्चय कोषको व्यवस्था गर्ने सरकारी निर्णयपश्चात् सोही वर्षको साउन महिनादेखि कर्मचारी सञ्चय कोषले छुट्टै शाखा खोलेर शिक्षकको सञ्चय कोष रकम कम्प्युटर प्रविधिका माध्यमबाट लेखा राख्ने पद्धतिको सुरुवात गरेको थियो । राष्ट्रिय कम्प्युटर केन्द्रले सुरु सुरुमा आइबिएम र पछि विसं २०४१ देखि ‘आइसिएल म्यान फ्रेम’ कम्प्युटरमा डाटा भण्डारण र प्रशोधनको कार्य गर्ने गरिएको थियो । धेरै वटा संस्थाको काम एक्लो राष्ट्रिय कम्प्युटर केन्द्रले गर्न समस्या भएपश्चात् कोषले आर्थिक वर्ष २०४२/४३ मा आफ्नै स्रोतसाधनबाट कम्प्युटर व्यवस्थापन विभाग स्थापना गरी राष्ट्रिय कम्प्युटर केन्द्रको सहयोगमा कोषमा कम्प्युटराइजको कार्य सुरु भएको इतिहास छ । यसरी सुरु भएको कोषको कम्प्युटराइजको कार्यले कोषको डिजिटल ट्रान्सफरमेसनमा ठुलो योगदान गरी आज अधिकांश मुख्यतः देहायका कारोबार कागज, मुहार र नगदबिना अनलाइनमार्फत प्रवाह भइरहेको छ ।

१. मोफसलका कार्यालयबाट हुलाकमार्फत महिनौं लगाएर फाँटबारी (कोष कट्टी विवरण र रकम जम्मा गरेको भौचर) सङ्कलन गरिँदै आएकोमा सम्बन्धित कार्यालयबाट हाल ९९.५ प्रतिशत फाँटबारी डिजिटल स्वरूपमा हरेक महिना समाप्त हुनासाथ प्राप्त हुने र रियल टाइमै कोषले सञ्चयकर्ताको खातामा प्रविष्टि गर्ने अवस्थामा पुगेको छ ।

२. कोषले प्रदान गर्ने सेवा सुविधाबापतको रकम भुक्तानी कारोबारमध्ये ९९ प्रतिशतभन्दा बढी कारोबार सम्बन्धित सञ्चयकर्ताको खातामै सिधै जम्मा हुने व्यवस्थाले चेक लिई लामो समयसम्म बैङ्कमा लाइन लागेर सटही गर्नुपर्ने अवस्थाको अन्त गरेको छ ।

३. सञ्चयकर्ताले माग गर्ने ९० प्रतिशत विशेष सापटीका लागि सञ्चयकर्ता कोषका कार्यालयमा आइरहनुपर्ने अवस्थाको अन्त्य गरी झन्डै ९८ प्रतिशत कारोबार अनलाइनमार्फत हुने व्यवस्था कार्यान्वयन गरेको छ । हरेक दिन करिब एक हजारभन्दा बढी सञ्चयकर्ताले माग गर्ने सापटी माग गरेकै समयमा सञ्चयकर्ताको खातामा जम्मा हुने व्यवस्था गरिएकाले सञ्चयकर्ताले लामो र सकसपूर्ण यात्रा तय गरी कोष कार्यालय र बैङ्कमा धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ । यसबाट सञ्चयकर्ताको समय श्रम र खर्चसमेत बचत हुन पुगेको छ । बचेको समयलाई थप राष्ट्रसेवामा लगाउन सकिने अवस्था सिर्जना भएको छ ।

४. नो योर कन्ट्रिब्युटर (केवाइसी) मा सञ्चयकर्ताको विवरण अद्यावधिक गरी हरेक कारोबारको एसएमएसमार्फत वास्तविक समयमा सञ्चयकर्तालाई सुसूचित गराउने व्यवस्था गरिएको छ । यसबाट सञ्चय कोष, निवृत्तिभरण कोष वा अवकाश कोषमा जम्मा गरेको हिसाब अद्यावधिक भई कारोबारमा पारदर्शिता कायम भएको छ ।

५. सञ्चयकर्ताले लिएको सापटीको किस्ता वा सापटी फिर्ताका लागि बैङ्कमा जानुपर्ने वा बैङ्क दाखिला गरेपश्चात् भौचर प्रतिकोषमा बुझाउनुपर्ने अवस्था अन्त्य भएको छ । डिजिटल पेमेन्ट गेटवेमार्फत गरिएको कारोबार कारोबार भएकै समयमा सम्बन्धित सञ्चयकर्ताको खातामा रकम जम्मा हुने र सोको जानकारी सम्बन्धित सञ्चयकर्तामा तत्काल जाने व्यवस्थाले कोषप्रतिको विश्वसनीयता अभिवृद्धि भएको छ ।

६. छुट भुक्तानी, मुनाफा वितरणको रकम सञ्चयकर्ता कार्यालयमा धाइरहनुपर्ने अवस्थाको अन्त गरी सिधै सञ्चयकर्ताकै खातामा पठाउने व्यवस्था कार्यान्वयन गरिएको छ । सञ्चयकर्ता अवकाशपश्चात् भुक्तानीका लागि आउनुपर्ने अवस्थालाई अन्त्य गर्न प्रणालीमा सुधार गरी परीक्षण कार्य अन्तिम चरणमा रहेकाले चाँडै सो प्रणाली कार्यान्वयनमा आउने छ । सो प्रणाली कार्यान्वयनमा आएपश्चात् सञ्चयकर्ता कोष कार्यालयमा नआई सम्पूर्ण सेवा सुविधा प्राप्त गर्न सक्ने अवस्था सिर्जना भई नेपाल सरकारको कागज, मुहार र नगदबिनाको सेवा प्रवाह पूर्ण रूपमा लागु हुने छ ।

७. सञ्चयकर्ताले धितोमा आधारित कर्जाका लागि धितो रोक्का फुकुवाका लागि सम्बन्धित मालपोत कार्यालयमा जानुपर्ने अवस्थाको अन्त भएको छ । अनलाइन रोक्का फुकुवा गरी कर्जा सिधै सञ्चयकर्ताको खातामा जम्मा गरिने व्यवस्था कार्यान्वयन गरिएको छ ।

८. कोषको सूचना प्रणालीलाई थप व्यवस्थित गरी सम्पत्ति शुद्धीकरणलगायतका लागि आवश्यक पर्ने विवरण स्वचालित रूपमा वास्तविक समयमा प्राप्त गर्न सकिने काम गरिएको छ ।

९. सञ्चयकर्ता कार्यालयबाट जम्मा गरेको रकम जम्मा गरेकै समयमा कोषको खातामा सङ्कलन भई कोषले तत्काल स्रोत परिचालन गरी लगानी गर्न सक्नाले प्रभावकारी स्रोतसाधन परिचालन भई सञ्चयकर्तालाई अधिकतम प्रतिफल प्रदान गर्न कोष निरन्तर सफल रहेको छ ।

१०. सञ्चयकर्ता कार्यालय र सञ्चयकर्तासँगको वित्तीय कारोबारको रिकन्सिलियसन वास्तविक समयमा हुनाले कारोबारमा शुद्धता कायम गरिनुका साथै आर्थिक वर्ष समाप्त भएकै दिन सञ्चयकर्ताको कोष कट्टी, निवृत्तिभरण कोष कट्टी, अवकाश कोष कट्टी रकमको वार्षिक हिसाब मिलान गरिने भएकाले सेवाग्राही तथा नियामक निकायलाई संस्थाको वास्तविक र यथार्थ अवस्था समयमा जानकारी गराउन सकिएको छ ।

तसर्थ सेवा प्रवाहमा कर्मचारी सञ्चय कोषले आफ्नै स्रोतसाधन र व्यवस्थापनबाट सेवाग्राहीलाई समकालीन विश्वले अभ्यास गरेका असल अभ्यास अनुरूप नै कागज, मुहार र नगदबिनाको सेवा प्रवाह गरिरहेको छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५१६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबढी भई कामकाजमा असर

वृष भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

कुम्भ सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ

मिन भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ